# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५५१ चैत्र २०६४ वर्ष २४ अङ्क १२

## धम्मवाणी

**यो ब्राह्मणं समणं वा, अञ्ञं वापि वनिब्बकं ।**
**मुसावादेन वञ्चेति, तं पराभवतो मुखं ॥**
***- पराभव सुत्त***

**जब कोही व्यक्ति कोही श्रमण, ब्राह्मण अथवा अरू कोही याचना गर्नेलाई केही नदिने मनसायले झूठो बोलेर धोका दिन्छ, तब त्यो उसको अवनतिको कारण बन्दछ ।**

## धर्म के हो ?

धर्म जीवन जिउने कला हो । स्वयं आफू पनि सुख पूर्वक जीवन जिउने र अरूलाई पनि सुख पूर्वक जीवन जिउन दिने कला हो । सुखपूर्वक सबैजना रहन चाहन्छन् । सबैजना दुःखबाट मुक्त रहन चाहन्छन् । तर जबसम्म हामीलाई वास्तविक सुख के हो थाहा छैन, सुखलाई कसरी प्राप्त गर्ने भन्ने थाहा छैन तबसम्म हामी झूठो सुखको पछि पछि पागल झैं दौडिरहन्छौं । वास्तविक सुखबाट टाढा रहेर धेरै भन्दा धेरै दुखी हुन्छौं । आफू मात्र होइन अरूलाई पनि दुःखी बनाउँछौं ।

वास्तविक सुख भित्रको शान्ति छ । र आन्तरिक शान्ति विकार विहीन चित्तमा छ; निर्मल चित्तमा छ । विकार विहीन चित्तको अवस्था नै वास्तविक सुख शान्तिको अवस्था हो ।

अतः साँच्चैको शान्ति र साँच्चैको सुख उसैले भोग्न सक्छ जस्को निर्मल चित्त छ । जो जति विकारमुक्त रहन्छ, त्यति नै दुःख मुक्त रहन्छ, त्यति नै जीवन जिउने कला जान्दछ, त्यति नै साँच्चैको धार्मिक बन्दछ । निर्मल चित्तको आचरण नै धर्म हो । यही जिउने कला हो । यस कलामा जो जति निपुण हुन्छ ऊ त्यति नै बढी धार्मिक हुन्छ । धार्मिकको सही परिभाषा यही हो ।

प्रकृतिको अटूट नियम छ, जसलाई ऋत भन अथवा धर्म नियामता भन, नाम जे भने पनि हुन्छ, यसले केही फरक पर्दैन । नियम के हो भने जस्ले जस्तो गऱ्यो त्यसबाट त्यस्तै परिणाम आउँदछ । त्यस्तो गरेन भने त्यस्को त्यस्तो परिणाम आउँदैन । यस नियम अनुसार जब-जब हाम्रो मन द्वेष, दौर्मनस्य, क्रोध, ईर्ष्या, भय आदिले भर्दछ तब-तब हामी ब्याकुल हुन्छौं । दुःखबाट पिडीत हुन्छौं र सुखबाट वंचित रहन्छौं । जब-जब हाम्रो मन यी विकारहरूबाट ब्याप्त हुँदैन तब-तब ब्याकुलता बाट मुक्त रहन्छौं । दुःखबाट संतापित हुनबाट बच्दछौं र आफ्नो सुख-शान्तिको मालिक बन्दछौं ।

जुन विद्याले विकारबाट मुक्त हुने सिकाउँदछ त्यही जीवन जिउने सही कला हो, त्यही शुद्ध धर्म हो । शुद्ध धर्मको स्वरूप मंगलमय र कल्याणमय हुन्छ । हामी जब जब विकार विमुक्त रहेर निर्मल चित्तले आचरण गर्दछौं तब-तब हामी आफू त वास्तविक सुख-शान्ति भोग्दछौं साथै अरूको सुख शान्तिको कारण पनि बन्दछौं । यस्तो प्रकारले जब जब विकार ग्रस्त भएर मैलो चित्तले काम गर्छौं तब-तब हामी स्वयं संतापित हुन्छौं साथै अरूको संतापको कारण पनि बन्दछौं । समाजको शान्ति भंग गर्दैरहन्छौं ।

क्रोध, लोभ, वासना, भय, मात्सर्य, ईर्ष्या, अहंकार आदि मनका विकारबाट शिकार बनेर हामी हत्या, चोरी, व्यभिचार, झूठ, छल-कपट, चुगली, निन्दा, व्यर्थको कुरा, कटु वचन बोल्दछौं । जब-जब यी क्रिया गरिन्छ तब तब आफू पनि संतापित हुन्छौं र अरूको संतापको कारण पनि बन्दछौं । मनमा विकार नभई कुनै शारीरिक अथवा वाचिक दुष्कर्म हुँदैन । तर मनमा विकार आउँदैमा कायिक अथवा वाचिक दुष्कर्म हुनैपर्छ भन्ने छैन । प्राय प्रबल मनोविकार उत्पन्न भएर पनि आत्म दमन गरेर यस्ता कायिक र वाचिक दुष्कर्म गर्नबाट बच्दछौं । यसबाट प्रत्यक्षतः अरूको हानि हुन पाउँदैन, परन्तु दूषित मनोविकारबाट आक्रान्त भएर यदी मन भित्र भित्र ब्याकुल भईरहयौं भने मानसिक दुष्कर्म गरीरहन्छ । यसबाट आफूलाई शान्ति हुँदैन र अप्रत्यक्ष रूपमा अरूको शान्ति पनि भंग गरिरहेको हुन्छ । हाम्रो मनको दूषित तरंगको वरपरको वातावरणलाई पनि प्रभावित पारिरहेको हुन्छ ।

जब-जब हाम्रो मन विकार विमुक्त अर्थात् निर्मल हुन्छ, तब-तब स्वाभाविक रूपले उसको चित्त स्नेह र सद्भावले, मैत्री र करूणाले भर्दछ । त्यस्तो समयमा हामी आफूले सुख-शान्तिको अनुभव त गर्छौं नै अप्रत्यक्ष रूपमा अरूको सुख-शान्तिको कारण पनि बन्दछ । हाम्रो निर्मल चित्तको तरंगको आस-पासको वातावरणलाई प्रभावित पारेर त्यसलाई पनि सक्दो निर्मल बनाईरहेको हुन्छ ।

त्यसैले आत्म दमन गर्नु, धर्मको सर्वांग सम्पूर्णता होइन तर धर्म धारण गर्ने पहिलो पाइला यहींबाट शुरू हुन्छ । शुरूमा त संयमित भएर नै कायिक र वाचिक दुष्कर्मबाट विरत हुनुपर्छ पछि निरन्तर अभ्यास द्वारा मानसिक दुष्कर्मबाट पनि मुक्त हुनुपर्छ । मानसिक दुष्कर्मबाट छुट्टी पाउनु भनेको नै मानसिक विकारबाट मुक्त हुनु हो । विकार विहीन निर्मल चित्तले स्वाभाविक रूपले नै मनबाट, वाणीबाट र शरीरबाट कुनै दुष्कर्म गर्न सक्दैन । त्यसैले मूख्य कुरा त आफ्नो चित्तलाई विकारबाट विमुक्त राख्नु हो ।

आफ्नो हरेक कर्म प्रति जागरूक रहेर नै मनलाई दोषमुक्त राख्न सकिन्छ । आफ्नो चित्त र चित्तका विकारहरूको प्रति जागरूक रहेर नै चित्तलाई विकारमुक्त राख्न सकिन्छ । त्यसलाई

Downloaded from http://www.dhamma.digital

चालनपाई मुर्छित रहेर हामी चित्तलाई कहिले पनि स्वच्छ राख्न सक्दैनौं, त्यसको निर्मलपनलाई कायम राख्न सक्दैनौं। आफ्नो चित्त र चित्तवृत्तिको निरन्तर निरीक्षण गर्दै रहने अभ्यास नै धर्म धारण गर्ने सही अभ्यास हो। कुनै पनि कर्म गर्नुभन्दा अगाडि र गर्ने समयमा हामी जाचौं कि यस कार्यबाट आफ्नो र अरूको मंगल हुन्छ कि अमंगल। यदि मंगल हुन्छ भने त्यो काम गर्ने, यदि अमंगल हुन्छ भने त्यो काम नगर्ने। यस प्रकार राम्ररी विवेकपूर्वक जाँचेर गरेको कामले सबैको मंगल नै गर्छ, त्यसैले त्यस्तो काम धर्ममय नै हुन्छ। यदि कहिले काँही असावधान पूर्वक, नजाँचिकन कुनै कायिक अथवा वाचिक दुष्कर्म हुन गयो, जसबाट आफ्नो र अरूको अहित हुन गयो भने पनि त्यसलाई लिएर प्रायश्चित गर्दै रूँदै फेरि कुनै अपराध ग्रन्थि नबाँदिउन्। चाँडै भन्दा चाँडै आफ्नो मिल्ने साथी साधक अथवा गुरुजन संग भेटेर उनको सामू आफ्नो भूल बताएर स्वीकार गर्नु र त्यसको भारबाट मुक्त हुनु र भविष्यमा यस्तो घटना हुन नदिनु अधिक सावधान रहने संकल्प गर्नु पर्छ। चित्त प्रति पनि यस्तै जागरूक भईरहने अभ्यास बढाउनु पर्छ। जब-जब चित्तमा विकार जाग्दछ, त्यसै समय त्यसको निरीक्षण गर्नु पर्छ। साक्षी भावले त्यसको निरीक्षण गर्दैमा त्यो दुर्बल हुँदै हुँदै नष्ट हुनेछ। कहिले काँही त्यसको निरीक्षण गर्न पाएन र त्यसले हामीलाई दमन गऱ्यो भने पनि त्यसलाई सम्झेर रूने होइन, बरू अझ अधिक सावधान रहने संकल्प गर्नुपर्छ, जागरूक रहने अभ्यास गर्नु पर्छ। शुद्ध धर्ममा प्रतिष्ठापीत हुने यही नै एउटा वैज्ञानिक तरीका हो।

जुन अभ्यास द्वारा आफ्नो कर्म प्रति जागरूकता र सावधानी बढ्छ, यही शुद्ध धर्मको अभ्यास हो। जुन विधिद्वारा आफ्नो कर्म सुधार्ने चित्त निर्मलता प्राप्त हुन्छ, त्यही नै धर्म विधि हो।

जब हामी आत्म-निरीक्षण गरेर आफ्नो अनुभवको आधारमा थाहापाउँदछौं की प्रत्येक दुष्कर्मको कारण आफ्नो चित्तको फोहोर पन नै हो। कुनै न कुनै मनोविकारले हो। हामी जान्दछौं कि प्रत्येक विकारको कारण आफ्नो अहम प्रति उत्पन्न हुने गहन आसक्ति नै हो। जब-जब आसक्तिको अंधोपनले यस 'म' को प्रति बढी महत्व दिएर यसमा तासिन्छ, तब तब संकुचित घेरामा आवद्ध भएर मन फोहोर गरेर कुनै न कुनै यस्तो काम गर्न पुग्छ, जस्को परिणाम अकुशल नै हुन्छ।

आत्मनिरीक्षणको अभ्यासबाट स्वअनुभवको बलको आधारमा नै यो थाहाहुन्छ कि जब-जब स्वार्थले अन्धो भएर विकारले ग्रष्त हुन्छौं तब-तब अरूको अहित त गरिरहेका हुन्छौं र आफ्नो स्वार्थ पूर्ती पनि गर्न सक्दैनौं। जब-जब अन्धोपनबाट मुक्त रहन्छौं तब-तब आफ्नो हित र अरूको हित दुबै गरिरहेका हुन्छौं। आफ्नो हित र अरूको हित हुने कर्म नै धर्म हो। जहाँ आफ्नो लाभ हुनुको साथ -साथै अरूको पनि लाभ हुन्छ, त्यही धर्म हुन्छ। जहाँ कसैको अनहित हुन्छ, त्यहीं अधर्म हुन्छ।

हाम्रो सत्कर्म र दुष्कर्मले केवल हामीलाई मात्र सुखी अथवा दुखी बनाउँदैन। यस्ले हाम्रा साथी भाइलाई पनि प्रभावित पार्दछ। मनुष्यहरू समाजको अन्य सदस्यहरूका माझ रहन्छन्। उनीहरू समाजको अविभाज्य अंग हुन्। उनीहरू समाजबाट प्रभावित भएका हुन्छन् र समाजलाई पनि मानिसहरूले केही हडसम्म प्रभावित पार्दछ। त्यसैले धर्म धारण गरेर हामी जब नैतिक जीवन जिउँदछौं, दुष्कर्मबाट बचेर सत्कर्म गर्न लाग्दछौं तब हामी केवल आफ्नो मात्र भलो गरिरहेका हुँदैनौं अरूको भलो पनि गरिरहेका हुन्छौं।

यस अमूल्य जीवनका लागि नै धर्म गर्नु पर्छ। यदि धर्मको अभ्यास गरेर जीवनको-मूल्य बढेन भने, यदि हाम्रो लोक-व्यवहारमा सुधार आएन भने, यदि हामी आफ्नो लागि र अरूका लागि मंगलमय जीवन जिउन सकेन भने यस्तो धर्म हाम्रो लागि के काम ? कसैको लागि के काम ? धर्म यसैको लागि हो कि हाम्रो पारस्परिक सम्बन्ध सुधियोस्। हामीमा व्यवहार कौशल आवोस्। परिवार, समाज, जाति, राष्ट्र र अन्तर्राष्ट्रिय बिचको पारस्परिक सम्बन्ध व्यक्ति व्यक्ति बिचको सम्बन्धमा नै निर्भर हुन्छ। अत: शुद्ध धर्म यही हो कि प्रत्येक व्यक्तिले यहीं यसै जीवनमा अरूसंग आफ्नो व्यवहार सम्बन्ध सुधार गरोस्। यसै जीवनमा सुख शान्ति पूर्वक जिउनको लागि धर्म हो। मृत्यु पछि बादल भन्दा माथि कुनै अज्ञात स्वर्गमा जीवन जिउनका लागि होइन। मृत्यु पछि पृथ्वी भन्दा तल अज्ञात नर्कबाट बच्नका लागि पनि होइन। हामी भित्र निहीत स्वर्गको सुख भोग्नका लागि हो। हामी भित्र समय-समयमा नारकीय अग्नि जल उर्लिन्छ त्यसलाई शान्त गर्नका लागि त्यसबाट बच्नका लागि हो। धर्म यसै जीवनका लागि हो। यसै लोकका लागि हो। वर्तमानको लागि हो। जसले आफ्नो वर्तमान सुधार्छ उसलाई भविष्यको चिन्ता गर्नु जरूरी छैन। उसको भविष्य स्वत: सुध्रिन्छ। जसले लोक सुधार्छ उसलाई परलोकको चिन्ता गर्नु पर्दैन। उसको परलोक स्वत: सुध्रिन्छ। जस्ले आफ्नो वर्तमान सुधार गर्न सक्दैन, आफ्नो वर्तमान लोक सुधार गर्न सक्दैन र केवल भविष्यको आशा गरेर बस्दछ भने उसले आफूलाई नै धोका दिएको हुन्छ। आफ्नो वास्तविक मंगलबाट वंचित हुनपुग्छ। शुद्ध धर्मबाट टाढा हुन पुग्छ। धर्म अकालिक हुन्छ अर्थात् धर्म यसै समय यसै जीवनमा फल दिने हुन्छ। धर्मको नाममा अनुष्ठान गरेर त्यसको लाभ यसै जीवनमा प्राप्त भएन, विकार बिहीन निर्मल चित्तको वास्तविक सुख यसै जीवनमा पाएन भने बुझ्नुपर्छ कि हामी धोकामा छौं। शुद्ध धर्मबाट वंचित भईरहेका छौं। धर्म सबैलाई यसै जीवनमा सुख-शान्ति दिलाउनका लागि हो। आँखा भन्दा धेरै टाढा सुदूर भविष्यको निरर्थक चिन्ताबाट मुक्त हुनका लागि हो। यही धर्म हो। यही धर्मको शुद्धता हो। यही शुद्ध धर्मको जीवन हो, जुन सबैका लागि आवश्यक छ।

धर्म सबैका लागि आवश्यक छ। त्यसैले शुद्ध धर्मको सम्प्रदाय संग कुनै सम्बन्ध छैन, कुनै लेनदेन छैन। शुद्ध धर्मको मार्गमा हिंड्ने व्यक्ति जब धर्म पालन गर्दछ तब कुनै सम्प्रदायको थोत्रो रीति-रिवाज पूरा गर्नका लागि होइन। कुनै मिथ्या अन्धविश्वासजन्य रूढि परम्पराको शिकार बनेर फकीर बन्नका लागि होइन। शुद्ध धर्मको अभ्यास गरेर आफ्नो जीवनलाई सुखी र स्वस्थ बनाउनका लागि नै धर्मको पालन गर्दछ। धार्मिक जीवन जिउनका लागि धर्मलाई राम्ररी सम्झेर-बुझेर, त्यसबाट आत्म-कल्याण र परकल्याण हुने हुनाले नै त्यसको पालन गर्नुपर्छ। धर्मलाई नबुझीकन अन्ध विश्वास गरेर अथवा कुनै अज्ञात शक्तिलाई सन्तुष्ट र प्रसन्न बनाउन अथवा उसको भयबाट आशंकित र आतंकित भएर धर्मको पालन गर्ने होइन। धर्मको पालन दूषणहरूको दमन गर्नका लागि मात्र होइन बल्कि प्रज्ञापूर्वक त्यसको शमन गरेर जरासम्म उखाल्नका लागि हो। धर्मको पालन आफ्नो लागि मात्र होइन बहुजनको हित-सुखका लागि, मंगल कल्याणका लागि र बहुजनको स्वस्ति-मुक्तिका लागि हो।

Downloaded from http://www.dhamma.digital

धर्मको पालन यही बुझेर पालन गर्नु पर्छ कि धर्म सर्वजनीन छ, सर्वजनहितकारी छ, कुनै सम्प्रदाय तथा वर्ग विशेष अथवा जाति-विशेषले बाँधिएको छैन । यदि यस्तो भएमा धर्मको शुद्धता नष्ट हुन्छ। धर्म तबसम्म शुद्ध हुन्छ जबसम्म सार्वजनिन हुन्छ, सार्वदेशिक हुन्छ र सार्वकालिक हुन्छ । धर्म सबैका लागि एकैनाशको हुन्छ, सबैका लागि कल्याणकारी छ, मंगलकारी र हित-सुखकारी छ। धर्म सबैले सहजपूर्वक नहिचकिचाई ग्रहण गर्न योग्य हुन्छ ।

शुद्ध वायुमण्डलमा रहेर शुद्ध, स्वच्छ हावा सेवन गर्नु, शरीर स्वच्छ राख्न सफा सुकिलो लुगा लगाउनु, शुद्ध र स्वच्छ सात्विक खाना खानु मलाई आवश्यक छ किनभने यो मेरोलागि हितकार छ। त्यस्तै प्रकारले यस्तो गर्नु मेरो लागि मात्र होइन सबै जाति, सबै वर्ग तथा सबै सम्प्रदायका मानिसहरूका लागि समानरूपले हितकर छ । यदि कोही व्यक्ति अशुद्ध, अस्वस्थ वातावरणमा रहन्छ र गन्हाउने, विषालु वायु सेवन गर्छ आफ्नो शरीर र वस्त्र मैलो राख्छ, अस्वच्छ दुषित भोजन गर्छ भने आफ्नो स्वास्थको लागि हानि गरिरहेको हुन्छ, रोगी र दु:खी रहन्छ। यो नियम सार्वजनीन छ। कुनै एक विशेष जातिको लागि कुनै एकजना विशेष व्यक्तिको लागि मात्र लागू हुँदैन। ठीक यस्तै प्रकारले जब कोही आफ्नो मनको विकार द्वारा विकृत रहन्छ भने व्याकुल अवश्य हुन्छ। उसको वात-पित्त-कफ आदिमा विषमता हुन्छ । उ रोगी हुन्छ । स्वास्थ विज्ञानका सामान्य नियम सबैको तन र मनमा समान रूपले लागू हुन्छ। प्रकृतिले यो हेर्दैन कि यो नियमलाई पालन नगर्ने व्यक्ति को हो, कुन जातिको हो, कुन सम्प्रदायको हो ? प्रकृति कुनै सम्प्रदाय-विशेषको व्यक्तिलाई मात्र कृपा गर्दैन न कुनै अन्य सम्प्रदायको व्यक्तिलाई कोप गर्छ। मलेरिया मलेरिया नै हो। यो न हिन्दू हो, न बौद्ध हो, न जैन हो, न पारसी हो, न मुस्लिम हो, न ईसाई हो। यस्तै प्रकारले क्रोध, ईर्ष्या, द्वेष आदि विकार न हिन्दू हो, न बौद्ध हो, न जैन हो, न पारसी हो, न मुस्लिम हो, न इसाई हो । त्यस्तै यसबाट विमुक्त रहनु पनि न हिन्दू हो, न बौद्ध हो, न जैन हो, न पारसी हो। विकारबाट विमुक्त रहनु शुद्ध धर्म हो । त्यसैले शुद्ध धर्म नै हो ।

धर्म एउटा आदर्श जीवन-शैली हो; सुख पूर्वक रहने एउटा पावन पद्धति हो। शान्ति प्राप्त गर्ने निर्मल विद्या हो। सबैको कल्याण गर्ने आचार संहिता हो जुन सबैको लागि हो ।

शीलवान, समाधिवान, प्रज्ञावान हुनु के बौद्धहरूको मात्र धर्म हो ? अरूहरूको धर्म होइनन् ? वीतराग, वीतद्वेष, वीतमोह हुनु के जैनहरूको मात्र धर्म हो ? अरूहरूको होइनन् ? स्थितप्रज्ञ अनासक्त जीवनमुक्त हुनु केवल हिन्दुहरूको मात्र धर्म हो ? अरूहरूको होइनन् ? प्रेम र करूणाले ओतप्रोत भएर सेवा गर्नु केवल ईसाइहरूको मात्र धर्म हो ? अरूहरूको होइन ? के जात-पात को भेदभावबाट मुक्त रहेर सामाजिक समताको जीवन जिउनु मुसलमानहरूको मात्र धर्म हो ? अरूहरूको होइनन् ? धर्मपालनको मुख्य उद्देश्य असल मानिस बन्नु हो। असल मान्छे बनेपछि असल हिन्दू, असल बौद्ध, असल जैन, असल मुसलमान, असल ईसाई बनिहाल्छ। यदि असल मान्छे नै बन्न सकेन भने बौद्ध भएर पनि के गर्ने ? हिन्दू, जैन, ईसाई, मुसलमान आदि भएर पनि के गर्ने ?

धर्मको यस शुद्धतालाई राम्ररी बुझौं, त्यसलाई धारण गरौं। हामी सबैको जीवनमा शुद्ध धर्म जागोस्। सार हीन बोझको अवमूल्यन हुनुपर्छ। उन्मूलन हुनुपर्छ। शुद्ध सारको सही मुल्यांकन हुनुपर्छ, प्रतिष्ठान हुनुपर्छ। शुद्ध धर्म जीवनको अंग हुनुपर्छ। यसैमा हाम्रो साँच्चिकैको कल्याण, साँच्चिकैको मंगल समाएको छ ।

(साभार: आत्म दर्शन, १९८६, सस्ता साहित्य मण्डल प्रकाशन)

आचार्य स.ना.गो

## भगवानको जीवनकालको एउटा घटना

### महाब्रह्मा

भगवानको समयमा भगवान तथा भगवानका कोही कोही शिष्य ऋद्धिबल द्वारा सशरीर अथवा मनोमय शरीर द्वारा देवलोक र ब्रह्मलोक जान्थे। ती मध्ये अधिकांश विमुक्त भईसकेका विपश्यी हुन्थे, परन्तु कहिले काँही विपश्यना नगरेका भिक्षु चारैवटा लौकिक ध्यानको ऋद्धिबलद्वारा यो लोकको यात्रा गर्ने गर्दथे। त्यस्तै एक पटक एकजना भिक्षुको मनमा यस्तो जिज्ञासा जाग्यो कि भौतिकताको पूर्ण निरोध हुने लोक जहाँ पृथ्वी, अग्नि, जल र वायु चारमहाभूतको सर्वथा विनाश हुन्छ त्यस्तो लोक कुन चाँही हो, त्यस्तो लोक कहाँ छ ?

त्यस प्रश्नको उत्तर थाहापाउन ऊ चातुर्महाराजिक देवलोकमा गए। उसले त्यहाँका देवताहरूलाई यो प्रश्न गरे। उनीहरूले त्यसको जानकारी नभएको कुरा बताए। ती देवताहरूले चार लोकपाल देवता कहाँ पठाए। उनीहरूले पनि त्यसको जानकारी नभएको कुरा बताए र तावतिंस देवलोकमा पठाए। त्यहाँका देवताहरूले देवराज शक्र कहाँ पठाए। देवराज शक्रले याम देवलोकका देवता कहाँ पठाए। उनीहरूले आफ्नो अधिपति सुयाम नामको देवता कहाँ पठाए । सुयामले तुषित देवलोकका देवताहरू कहाँ पठाए र उनीहरूले तुषित देवलोकका अधिपति संतुषित देवता कहाँ पठाए। यसरी क्रमश: ऊ निर्माणरति देवलोकका देवता र उनीहरूका अधिपति सुनिम्मित देवता, त्यहाँबाट परनिर्मित वशवर्ती देवलोकका देवता र उनका अधिपति बशवर्ती देवताकहाँ पुगे। त्यहाँबाट पनि निराश भएर ब्रह्मलोकका ब्रह्मा कहाँ पुगे, त्यहाँ पनि निराश नै हुनुपऱ्यो। ब्रह्मलोकका ब्रह्माले भने "हामी भन्दा माथि महाब्रह्मा हुनुहुन्छ, जो सर्व-विजयी हुनुहुन्छ, अपराजित हुनुहुन्छ, परमार्थ-द्रष्टा हुनुहुन्छ, जगत्पति हुनुहुन्छ, सारा सृष्टिका जनक हुनुहुन्छ, पिता हुनुहुन्छ। उहाँले तिम्रो प्रश्नको उत्तर दिन सक्छन्। महाब्रह्मा संग भेट्ने कुनै निश्चित समय छैन, उहाँ कुनै पनि समयमा प्रकट हुन सक्छन् तब नै भेट्नु उचित हुनेछ। ब्रह्मा यस समय कहाँ हुन्छ, त्यो पनि थाहा छैन। हामीहरूलाई यति थाहा छ कि महाब्रह्मा प्रकट हुनु अगाडि धेरै तेजिलो प्रकाश फैलिनेछ।"

संयोगले त्यसै समयमा तेजिलो प्रकाश फैलियो र महाब्रह्मा प्रकट भयो । तब भिक्षुले महाब्रह्मा संग सोधे "त्यो ठाउँ कहाँ छ, जहाँ चारै महाभूतको निरूद्ध हुन्छ ?" यसको उत्तर दिदै महाब्रह्माले भने –

"हे भिक्षु, म ब्रह्मा, महाब्रह्मा, सर्व विजयी, अपराजित, परमार्थ, द्रष्टा, जगत्पति, ईश्वर, कर्त्ता, निर्माता, श्रेष्ठ हुँ, सारा सृष्टिका जनक हुँ, पिता हुँ।"

यस्तो उत्तर सुनेर भिक्षुले भने "हे ब्रह्मा, मैले हजुरसंग तपाईं को हो ? र के हो ? भनेर सोधेको होइन। मैले चार महाभूत कहाँ निरूद्ध हुन्छ भनेर सोधिरहेको हुँ।"

Downloaded from http://www.dhamma.digital

महाब्रह्माले फेरि त्यही उत्तर दिए। भिक्षुले फेरि भने "तपाईं को हो र के हो ? भनेर सोधिरहेको होइन मैले त चार महाभूत कहाँ निरूद्ध हुन्छ भनेर सोधेको हुँ।"

तेस्रो पटक पनि त्यही प्रश्न र उत्तर दोहोरियो र महाब्रह्माले भिक्षुको हात समाई एक छेउमा लगे र सम्झाउँदै भने– "हे भिक्षु यस ब्रह्मलोकका सबै ब्रह्मा यस्तै मान्छन् कि मलाई सबैकुरा थाहा छ, मैले नजानेको केही छैन, मैले नदेखेको कतै छैन, यस्तो केही छैन जुन मैले साक्षात्कार गरेको छैन। त्यसैले उहीहरूको माझ म तिमीलाई के जवाब दिऊँ ? सत्य त यही हो चार महाभूत कहाँ निरूद्ध हुन्छ भन्ने बारे मलाई केही पनि थाहा छैन।"

महाब्रह्मालाई थाहा थियो कि यस समयमा मनुष्यलोकमा सम्यक सम्बुद्ध प्रकट भएको छ, जो साँच्चिकै सर्वज्ञ छ। उसलाई यो पनि थाहा थियो कि यो भिक्षु त्यहींबाट आएको हो। त्यसैले उसलाई धिक्कार गर्दै भने कि यो तिम्रो दोष हो, ठूलो अपराध हो। भगवानलाई छोडेर यस प्रश्नको उत्तर जान्न अन्य ठाउँमा आईरहेछौ। उहाँले नै तिम्रो प्रश्नको समाधान गर्न सक्नु हुन्छ।

भिक्षु सीधा भगवान कहाँ आए र बितेका सबै घटना सुनाए। उसले भगवान संग पनि चारै महाभूत, कहाँ निरूद्ध हुन्छ भन्ने प्रश्न गरे ? भगवानले सम्झाउँदै भन्नुभयो - जुन अरूप ब्रह्मलोकमा यी चारै महाभूत निरूद्ध हुन्छ त्यो लोक मध्येका सबैभन्दा माथिल्लो लोक हो तर त्यो पनि लौकिक नै हो, लोकोत्तर होइन। त्यो भन्दा पनि माथिल्लो लोकोत्तर अवस्थाको बारेमा उल्लेख गर्नु हुँदै भन्नुभयो–

**एत्थ दीघञ्च रस्सञ्च, अणुं थूंल सुंभासुभं।**
**एत्थ नामञ्च रूपञ्च, असेसं उपरूज्झति॥**

- यहाँ दीर्घ तथा ह्रस्व, अणु तथा स्थूल, शुभ तथा अशुभ, (यहाँ सम्म कि) नाम र रूप (दुबै) पूर्णरूपले समाप्त हुन्छ।

अरूप ब्रह्म लोकमा त केवल भौतिक रूप समाप्त हुन्छ, त्यहाँ विज्ञान अर्थात् चित्त अर्थात् नाम बाँकी रहन्छ। परन्तु लोकोत्तर निर्वाणमा नाम अर्थात् चित्त पनि समाप्त हुन्छ।

**विञ्ञाणं अनिदस्सनं**- जहाँ (प्रतिसन्धि) विज्ञान पनि छैन।
(दी.नि. १४९९, केवट्टसुत)

लोकविदू तथागत त्यस अवस्थासम्म पुगेका हुन् र अन्य मानिसहरूलाई त्यस अवस्थामा पुऱ्याउन सहायक बन्नुहुन्छ।
(साभार: त्रिपिटक में सम्यक सम्बुद्ध - भाग २)

## धर्म गाथा

### हिन्दी

*मुक्त होय हम राग से, मुक्त द्वेष से होय।*
*मुक्त होय हम मोह से, तो प्रज्ञा-स्थित होय॥*

*शीलवान होए बिना, शुद्ध समाधि नहोय।*
*बिन समाधि प्रज्ञा कहाँ ? मुक्ति कहाँ से होय॥*

*वह ही जीवन मुक्त है, जो प्रज्ञा स्थित होय।*
*बिन प्रज्ञा आसक्ति है, मुक्ति कहाँ से होय॥*

*विन प्रज्ञा उत्तप्त मन, राग द्वेष संवेग।*
*आकुल व्याकुलता भरी, उथल पुथल उद्वेग॥*

*अंतर की प्रज्ञा जगे, दु:ख होय सब दूर।*
*मैत्री करूणा प्यार से, भरे हृदय भरपूर॥*

*जो उपजे सो भंग हो, विपश्यना से देख।*
*कैसा मंगल शुद्धि-पथ, रहे न दु:ख की रेख॥*


मंगल कामना सहित
**पारमिता ट्रेडिङ्ग कम्पनी लि.**
काठमाडौं, फोन ४२६४१४७
विक्रेता: शीशा र आल्मोनियम च्यानल


### हिन्दी

*आठ अंग का आर्य पथ, शुद्ध धरम का पंथ।*
*कदम कदम चलते हुए, दुर्जन होते संत॥*

*पंचशील पालन भला, निरमल भली समाधि।*
*प्रज्ञा तो जागी भली, दूर करे भव व्याधि॥*

*पर-सेवा ही पुण्य है, पर-पीडन ही पाप।*
*पुण्य किये सुख ही मिले, पाप किये दु:ख-ताप॥*

*कुशल करम करते रहें, करें न पाप लवलेश।*
*मन निरमल करते रहें, शुद्ध धरम उपदेश॥*

*कुदरत का कानून है, सब पर लागु होय्।*
*मैले मन दुखिया रहे, निरमल सुखिया होय्॥*


मंगल कामना सहित
**सीताराम गोकुल मिल्क लि.**
काठमाडौं, फोन ४३३०७८८
विक्रेता: दुग्ध तथा दुग्ध पदार्थ



*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं। फोन : ४३७१६५५, ४३७१००७ २०६४ चैत्र
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं। फोन : ४२२५४९०, ४२२३९६८, ४२४८९४९, ४२५०५८१, email: nvc@htp.com.np
*मुद्रक :* न्यू नेपाल प्रेस, प्रधान कार्यालय फोन : ४४३४ ८५०, ४४३४ ७५३; शाखा कार्यालय फोन : ४२५ ९०३२, ४२ ९४५०, फ्याक्स : (+९७७-१) ४२५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२


साधकको नाम : ..........................................

ठेगाना : ..........................................

..........................................

..........................................

● आजीवन शुल्क रू. २००/-

Downloaded from http://www.dhamma.digital